# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## प्रजातन्त्र दिवसको शुभकामना सन्देश

राष्ट्रिय प्रजातन्त्र दिवस २०८१ को अवसरमा बागमती प्रदेश, देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु। स्वतन्त्रता र राष्ट्रहितका खातिर आफ्नो प्राणको आहुति दिने वीर सहिदहरूको स्मरण गर्दै उहाँहरूप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

नेपालको इतिहासमा २००७ साल फाल्गुन ७ गते एक महत्त्वपूर्ण दिनको रूपमा रहेको छ। निरंकुशता विरुद्ध सङ्गठित रूपमा नेपाली जनता आन्दोलनमा होमिएर जहाँनिया राणा शासनलाई परास्त गर्न सफल आजको दिन गौरवपूर्ण र सुनौलो बिहानी बोकेको दिन हो। फाल्गुन ७ को जगमा टेकेर आज नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा छ। आजको दिनले इतिहासको यो गौरवशाली समय बिन्दुलाई पुनर्ताजगी गर्दै राष्ट्रिय एकता र स्वाभिमानलाई कायम राखी समृद्ध नेपाल निर्माणमा लाग्न हामी सबैलाई प्रेरित गर्दछ। आ-आफ्ना पार्टीगत स्वार्थलाई त्यागेर देश निर्माणको अभियानमा सम्पूर्ण राजनैतिक दलहरू होमिनुपर्ने आवश्यकता छ। हामीले जुटेर नै राजनैतिक फड्को मारेका छौं। अब फेरि जुटेर हामीले मुलुकमा आर्थिक समृद्धि भित्र्याउनु छ। विश्वमा भएका द्रुतगतिका परिवर्तनको लहर र नेपाली जनताको अपेक्षालाई आत्मसात् गरेर अघि बढ्नुबाहेक हामीसँग अर्को कुनै विकल्प छैन।

स्वतन्त्र र समतामूलक समाज निर्माणमा अघि बढ्न आजको दिनले हामीलाई थप प्रेरणा र हौसला दिने विश्वास लिएको छु। समुन्नत राष्ट्र निर्माणको परिकल्पना साकार पार्न सबैमा उर्जा वृद्धिको अपेक्षा सहित पुनः सबैमा प्रजातन्त्र दिवसको शुभकामना व्यक्त गर्दछु।

**धन्यवाद।**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**

**२०८१ साल फागुन ०७ गते, बुधबार**
**ने. सं. ११४५ सिल्लागा: षष्ठी**